# आकाशवाणी समाचार- नेपाली

मितिः २३ जुन २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. गृहमन्त्री अमित शाहको हिजो साँझ रायपुरमा नक्सलवादविरुद्ध लड्ने समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।

२. पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले सरकारले विगत दुई हप्तादेखि पश्चिम एसियाको अवस्थालाई नजिकबाट नियालिरहेको बताउनु भएको छ।

३. इजरायलको हवाई क्षेत्र बन्द तथा व्यावसायिक उडानहरू स्थगन गरिएपछी इजरायल र जोर्डनस्थित भारतीय मिसनहरूले अपरेसन सिन्धु अन्तर्गत भारतीय नागरिकहरूको १६०जनाको पहिलो ब्याच सुरक्षित निकालिएको छ।

४. अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानमा सत्ता परिवर्तनको सम्भावना रहेको संकेत दिनुभएको छ।

५. लिड्समा जारी एंडरसन-तेंदुलकर ट्रॉफीको पहिलो टेस्टको तेस्रो दिनको खेल समाप्तीसगै भारतले ९६ रनको अग्रता लिएको छ।

## SHAH - CHHATTISGARH VISIT

केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा हिजो साँझ रायपुरमा नक्सलवादविरुद्ध लड्ने समीक्षा बैठक भएको थियो। बैठकमा छत्तीसगढ, आन्ध्र प्रदेश, तेलंगाना, मध्य प्रदेश, महाराष्ट्र, झारखण्ड र उडिसा गरी सात प्रभावित राज्यका पुलिस महानिरीक्षक, अतिरिक्त पुलिस महानिर्देशक र वरिष्ठ अधिकारीहरूले भाग लिएका थिए। बैठकलाई सम्बोंधन गर्दै श्री शाहले आगामी ३१ मार्च सम्ममा देश नक्सलवादबाट मुक्त हुने बताउनु भएको छ।

## उपराष्ट्रपति-एमिटी विश्वविद्यालय

उपराष्ट्रपति जगदीप धनखड़ले आज नोयडाको एमिटी युनिभर्सिटीमा भारतीय विश्वविद्यालय संघको स्थापनाको १०० औं वर्षगाँठको उपलक्ष्यमा आयोजित राष्ट्रिय उपकुलपति सम्मेलनको उद्घाटन गर्नुहुनेछ। सम्मेलनको विषय 'भविष्यको उच्च शिक्षाका लागि दृष्टिकोणः भारतको केन्द्रीय भूमिका' रहेको छ। सम्मेलनमा देशका करिब ३०० विश्वविद्यालयका उपकुलपतिको सहभागिता रहनेछ। तीमध्ये लगभग दुई सय भर्चुअल रुपमा जोडिनेछन्।

## पुरी-पश्चिम एशिया

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले सरकारले विगत दुई हप्तादेखि पश्चिम एसियाको अवस्थालाई नजिकबाट नियालिरहेको बताउनु भएको छ। एक सोशल मीडिया पोस्ट मार्फत उहाँले 'प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत केही वर्षमा देशको आपूर्ति शृङ्खलामा विविधता आएको र अहिले आपूर्तिको ठूलो हिस्सा हिस्सा हॉर्मुज जलडमरूमध्यबाट नआएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "तेल बजार कम्पनीहरूसँग धेरै हप्ताको स्टक छ र उनीहरूले विभिन्न मार्गहरूमार्फत आपूर्ति प्राप्त गर्न जारी राख्नेछन् यसका साथै सरकारले देशका नागरिकहरूको लागि ईन्धन आपूर्ति कायम राख्न आवश्यक सबै उपायहरू अपनाएको छ।

## ऑपरेशन सिंधु

इजरायलको हवाई क्षेत्र बन्द हुनुका साथै व्यावसायिक उडानहरू स्थगन गरिएका कारण इजरायल र जोर्डनस्थित भारतीय मिसनहरूले अपरेसन सिन्धु अन्तर्गत आज भारतीय नागरिकहरूको पहिलो ब्याचमा १६० जना भारतीय नागरिकहरूलाई सुरक्षित निकालिएको छ। इजरायल र इरानबीच बढ्दो शत्रुतालाई मध्यनजर गर्दै भारतले गत साता आफ्ना नागरिकलाई स्वदेश फर्काउन 'अपरेसन सिन्धु' सुरु गरेको थियो । स्थितिको गम्भीरतालाई बुझेर तेल अभिवस्थित भारतीय दूतावासले गत हप्ता २४ सै घण्टा कन्ट्रोल रुम स्थापना गरेको थियो । यस नियन्त्रण कक्षले उद्धार प्रयासका सबै पक्षहरूको निगरानी गर्यो र भारतीय नागरिकहरूलाई अनलाइन पोर्टलमार्फत दर्ता गर्न निर्देशन दियो। यसका साथै इजरायलमा रहेका भारतीय नागरिकहरूको विस्तृत डाटाबेस पनि तयार गरिएको थियो।

**ट्रंप - ईरान सत्ता परिवर्तन**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानमा सत्ता परिवर्तनको सम्भावना रहेको संकेत दिनुभएको छ । उहाँले वर्तमान नेतृत्वले देशलाई ट्र्याकमा ल्याउन सक्ने क्षमतामाथि पनि प्रश्न उठाउनु भयो । एक सोशल मीडिया पोस्ट मार्फत राष्ट्रपति ट्रम्पले 'यदि इरानको वर्तमान सरकार राष्ट्रलाई फेरि महान् बनाउन अक्षम छ भने सत्ता परिवर्तन किन हुँदैन ?
अर्को एक पोस्टमा उहाँले इरानको परमाणु स्थलमा ठूलो क्षति पुरयाउन अमेरिकी सेनाले चालेको कदमको प्रशंसा गर्नुभयो ।

**संयुक्त राष्ट्र आपातकालीन बैठक**

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्यूयोर्कमा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को आपत्कालीन विशेष अधिवेशनमा विश्वमा शान्ति कायम गर्न आह्वान गर्नुभएको छ । उनले इरानको परमाणु केन्द्रहरुमा अमेरिकी आक्रमणपछि उत्पन्न संकटलाई कम गर्न तत्काल कदम चाल्न आग्रह गर्नुभयो । गुटेर्रेसले पूर्ण युद्धको खतराको सामना गर्न तत्काल कदम चाल्न आह्वान गर्नुभयो । अन्तर्राष्ट्रिय शान्ति र सुरक्षासम्बन्धी सत्रलाई सम्बोधन गर्दै उहाँले इरानमाथि अमेरिकी आक्रमण यस क्षेत्रको बिग्रँदो स्थितिमा विनाशकारी मोड भएको चेतावनी दिदै संयुक्त राष्ट्रसंघका प्रमुखले कूटनीतिक समाधानका लागि आह्वान गर्नुभयो ।

**ईरान संसद फैसला**

इरानको संसदले स्ट्रेट अफ होर्मुज बन्द गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ । स्ट्रेट अफ होर्मुज तेल र ग्यास आपूर्तिका लागि विश्वको सबैभन्दा महत्त्वपूर्ण मार्ग हो। फोर्डो, नतान्ज र इस्फाहान परमाणु केन्द्रमा अमेरिकाले गरेको आक्रमणको जवाबी कार्रवाईस्वरूप इरानी संसद्ले यस्तो निर्णय गरेको हो । यो निर्णयले तनाव बढ्ने सङ्केत गर्छ, जसले विश्वभरि नै गम्भीर आर्थिक संकट निम्त्याउन सक्छ । तर, यसलाई लागू गर्ने अन्तिम निर्णय इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले गर्नुपर्ने छ । परिषद्ले उक्त निर्णय कार्यान्वयन का लागि औपचारिक आदेश जारी गर्न बाँकी छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानको कदमलाई आर्थिक आत्महत्याको संज्ञा दिनुभएको छ ।उहाँले यो मार्ग बन्द गर्दा अमेरिका र सहयोगी सेनाबाट उचित जवाफ आउन सक्ने चेतावनी दिनुभएको छ भने चीनलाई यस्तो कदम चाल्नबाट रोक्न इरानमाथिआफ्नो प्रभाव प्रयोग गर्न आग्रह गर्नुभयो ।यसैबीच, अमेरिकी सैन्य अधिकारीहरूले सेनालाई उच्च सतर्कतामा राखेका छन्। अमेरिकी रक्षा मन्त्रालयले यस जलमार्गलाई खुला राख्न नौसैनिक तयारी गरिरहेको बताइएको छ । यदि यो मार्ग लामो समयसम्म बन्द भयो भने यसले विश्वव्यापी ऊर्जा सुरक्षा र आर्थिक स्थिरतालाई गम्भीर खतरामा पार्न सक्छ।

**पी.आई.बी. फैक्ट चेक**

अमेरिकाले 'अपरेसन मिडनाइट ह्यामर'का क्रममा इरानमाथि हवाई हमला गर्न भारतीय हवाई क्षेत्र प्रयोग गरेको भन्ने सामाजिक सञ्जालमा आएका दाबीको सरकारले कडा रुपमा खण्डन गरेको छ । प्रेस सूचना ब्यूरोको तथ्य जाँच शाखाले उक्त दाबीलाई पूर्णतया झुटो भनेको छ । पीआईबीका अनुसार अमेरिकी चिफ अफ डिफेन्स स्टाफ जनरल डान केनले हालै आयोजित पत्रकार सम्मेलनमा अमेरिकी विमानले आक्रमणका लागि प्रयोग गरेको रुटस्पष्ट पारेका थिए ।

**विशेष फीचर-सरकार 11 वर्ष**

राष्ट्र सेवा, सुशासन अनि गरीब कल्याणका सिद्धांतहरु बाट प्रेरित भएर देशमा एक दशकमा उल्लेखनीय परिवर्तन आएको छ । आकाशवाणी समाचारले बिगत 11 बर्षहरुमा प्रमुख क्षेत्रमा सरकारको प्रयासहरु माथि एक विशेष फीचर लिएर आएको छ । आज, हामी भारतको ऊर्जा क्रांति माथि ध्यान केंद्रित गर्दछौ - जो साहसिक सुधारहरु , रिकॉर्ड क्षमता वृद्धि अनि स्वच्छ, विश्वसनीय अनि समावेशी ऊर्जाको लागि एक बलियो प्रयासको एक दशक हो ।

Byte

**भारत-इंग्लैंड-टेस्ट क्रिकेट**

लिड्समा जारी एंडरसन-तेंदुलकर ट्रॉफीको पहिलो टेस्टको तेस्रो दिनको खेल समाप्तीसगै भारतले ९६ रनको अग्रता लिएको छ । वर्षाका कारण दिनको खेल रोकिएपछि केएल राहुलले ४७ र कप्तान शुभमन गिलले ६ रन जोड्दा भारतले २ विकेटको क्षतिमा ९० रन बनाएको थियो । भारतले पहिलो इनिङमा ६ रनको अग्रता लिएको थियो । भारतले पहिलो इनिङ्समा ४सय ७१ रन बनाएको थियो भने **-इंग्लैंड** पहिलो इनिङ्समा ४ सय ६५ रन बनाएको थियो।